# विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम मापदण्ड, २०७८

## १. पृष्ठभूमी

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप न. २.७.१३.१० मा विद्यालयहरूलाई विपद् व्यवस्थापनका लागि योजनामा उल्लेखित प्रतिकार्य क्रियाकलापहरूको प्राथमिकीकरण गरी विपद्बाट भौतिक क्षति पुगेका विद्यालयहरूको विवरण एकीन गरी तत्काल विद्यालय सञ्चालन गर्न भौतिक पूर्वाधार निर्माणका लागि विद्यालयलाई अनुदान दिने प्रावधान रहेको छ। विपद्बाट विद्यार्थीको पाठ्यपुस्तक लगायतका सिकाइ सामग्रीमा पुगेको क्षति एकीन गरी सामग्री व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने तथा कोभिड-१९ को प्रभावका कारण भएको/हुन सक्ने शैक्षिक क्षति न्यूनीकरण गर्न सिकाइ निरन्तरताका लागि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिकाको उद्देश्य अनुरुप क्रियाकलाप सञ्चालन गर्ने गराउने एवम् यस शीर्षकमा वित्तीय हस्तान्तरण भएको अनुदानको पाँच प्रतिशतसम्म बजेटबाट विपद् जोखम न्यूनीकरणका लागि बृहत विद्यालय सुरक्षा प्याकेज अभिमुखीकरण, सामग्री निर्माण तथा वितरण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न गराउन सक्ने प्रावधान राखिएको छ ।

सङ्घीय सशर्त कार्यक्रमअन्तर्गत यस शिक्षा विकास निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रममा "विपद् व्यवस्थापन शैक्षिक कार्यक्रमका लागि एकमुष्ठ बजेट विनियोजित भएकोमा यस कार्यक्रमलाई पारदर्शी, मितव्यायी, व्यवस्थित र नतिजामूलक बनाउँदै विद्यालयको भौतिक सबलीकरणमार्फत सुरक्षित विद्यालय वातावरणको विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले, विनियोजन ऐन, २०७८ को दफा १० (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले "विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम मापदण्ड, २०७८" तर्जुमा गरिएको छ । यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

## २. विपद्को कारण क्षति पुगेका सामुदायिक विद्यालयहरू छनोटका सर्तहरु:

सामुदायिक विद्यालयले विपद् व्यवस्थापन गर्नका लागि आवेदन दिन देहायका सर्त पुरा गरेको हुनुपर्नें छ,-

क) विद्यालयको विपत जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयसहित सिफारिस

ख) सुरक्षा निकायको रोहबरमा तयार पारिएको मुचुल्का

ग) क्षतिको विवरण झल्कने तस्विरहरू

घ) विपद् व्यवस्थापनका लागि आवेदन दिएको शीर्षकमा चालु आ.व. मा सङ्घ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट अनुदान प्राप्त नगरेको स्थानीय तहको किटानी सहितको सिफारिस

ङ) लागत स्टिमेट

च) सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यन्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिबद्धता पत्र ।

## ३. छनोट प्रकृया:

निर्देशनालयले बुँदा न. २ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूमध्ये यी कार्यक्रमको लागि लागि छनोट गर्न देहायका प्रक्रिया अवलम्बन गर्नुपर्ने छ.-

क) प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा न्यूनतम १० दिनको म्याद दिई सूचना प्रकाशित गर्ने । उक्त सूचना निर्देशनालयको वेबसाइटमा समेत प्रकाशित गर्नु पर्ने छ ।

तर यो मापदण्ड लागू हुनु पहिले यस कार्यक्रमका लागि सार्वजनिक सूचनाको आधारमा प्रस्ताव पेश गरेका विद्यालयहरुको हकमा यसै मापदण्ड अनुसार प्रस्ताव मम्मूल्याङ्कनमा समावेस गर्न बाधा बाधा पर्ने छैन ।

ख) बुँदा न. ३ (क) बमोजिम प्राप्त दरखास्तहरूको जाँचबुझ तथा मूल्याङ्कन गरी बुँदा न. २ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूमध्ये बुँदा न. ५ बमोजिमको मापदण्ड अनुसार सबै भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालयहरू छनोट गर्ने

ग) छनोट भएका विद्यालय तोकिएको समयमा सम्झौता गर्न नआएमा सो विद्यालयपछिको क्रमश बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्ने ।

## ४. प्रस्तावना जाँचबुझ तथा मूल्याङ्कन समिति:

यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहनेछन्:

क) शिक्षा विकास निर्देशनालयका निर्देशक- संयोजक

ख) आर्थिक प्रशासन शाखा- शिक्षा विकास निर्देशनालय - सदस्य

ग) योजना तथा कार्यक्रम शाखाको प्रमुख/ अधिकृत शिक्षा विकास निर्देशनालय - सदस्य

समितिले आवश्यकता अनुसार बढीमा तिनजनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

## ५. छनोटका मापदण्डहरू:

विपद् व्यवस्थापन शैक्षिक कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने विद्यालयहरू छनोट गर्दा तपसिलका मापदण्डका आधारमा गरिने छ -

क. भवनको क्षति - १० पूर्णाङ्क

१. पठनपाठन सञ्चालन गर्न नसकिने गरी पूर्ण रुपमा कक्षाकोठा क्षति भएमा – १० अङ्क

२. मर्मत गरी पठनपाठन सञ्चालन गर्न सकिने गरी कक्षाकोठा आंशिक क्षति भएमा – ७ अङ्क

ख. अन्य संरचनाको क्षति- १० पूर्णाङ्क

१. विद्यालय परिसर भित्रका शौचालय एवम् अन्य भौतिक पूर्वाधार क्षति भएमा – १० अङ्क

२. विद्यालय परिसर बाहिर रहेका तर सोको रोकथाम तत्काल नगर्दा पठनपाठन सञ्चालन भइरहेको विद्यालय भवनलाई क्षति पुग्ने सम्भावना भएमा – ७ अङ्क

ग. भौगोलिक क्षेत्र - १० पूर्णाङ्क

१. गाउँपालिका भित्रको विद्यालय भएमा - १० अङ्क

२. नगरपालिका भित्रको विद्यालय भएमा – ७ अङ्क

३. उपमहानगरपालिका/ महानगरपालिका भित्रको विद्यालय भएमा – ५ अङ्क

## ६. कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने सर्तहरू

(क) छनोट भएका विद्यालयहरूले सम्झौता गर्न आउँदा सम्बन्धित स्थानीय तहको प्राविधिकबाट ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्न लगाई विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी ल्याउनुपर्ने छ ।

(ख) सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.सँग आवश्यक सर्तहरू समावेश गरी सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(ग) छनोट भएका विद्यालयहरूलाई क्षतिको अवस्था तथा निर्देशनालयलाई प्राप्त बजेटको सीमाभित्र रही बढीमा रु.बीस लाखसम्म रकम उपलब्ध गराइने छ ।

(घ) सार्वजनिक खरिदसम्बन्धी ऐन, नियम तथा कार्यविधिअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ । सम्झौता भई कार्य प्रारम्भ भएको जानकारी प्राप्त भए पश्चात् सम्झौतामा उल्लेख भए बमोजिम पहिलो किस्ता बापत बढीमा ४०% सम्म रकम पेश्की स्वरूप विद्यालयको बैंक खातामा निकासा दिइनेछ ।

(ङ) सम्पूर्ण कार्य सम्पन्न भइसकेपछि विद्यालयले सम्बन्धित स्थानीय तहका प्राविधिकबाट स्थलगत रूपमा गई कार्यमूल्याङ्कन गरेको कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, विद्यालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तहको सिफारिस, निर्माणको चरणमा लिइएका विभिन्न फोटाहरू र आवश्यक बिल भरपाई पेस गरे पछि सो कागजातको आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम विद्यालयको बैंक खातामा निकासा दिइनेछ।

(च) विद्यालयले स्थानीय तहको प्रतिनिधिसहित ३ सदस्यीय कार्यक्रम कार्यान्वयन अनुगमन समिति गठन गर्नुपर्नेछ । उक्त समितिले सो कार्यको रेखदेख अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेस गर्नुपर्नेछ ।

७. विविध

क) संघीय सशर्त अनुदान मापदण्ड तथा निर्देशिकाको प्रतिकुल नहुने गरी वित्तीय हस्तान्तरण भएको अनुदानको बढीमा पाँच प्रतिशतसम्म बजेटबाट निर्देशनालयले विपद् जोखिम न्यूनीकरणका लागि वृहत विद्यालय सुरक्षा प्याकेज अभिमुखीकरण, सामग्री निर्माण तथा वितरण, मापदण्ड तयारी, बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यमा कार्यक्रमहरू सञ्चालन गर्न गराउन सक्नेछ । उक्त कार्य गर्दा स्वीकृत नर्मस तथा नियमानुसार गर्नु पर्नेछ ।

ख) **विवरण पठाउनु पर्ने:** निर्देशनालयले विपद् व्यवस्थापन शैक्षिक कार्यक्रमका लागि छनोट गरिएका सामुदायिक विद्यालयको विवरण मन्त्रालयमा पठाउनुपर्ने छ ।

ग) **लेखा तथा लेखापरीक्षण:** सामुदायिक विद्यालयहरूले विपद् व्यवस्थापन शैक्षिक कार्यक्रमको अनुदान बापत प्राप्त गरेको रकमको खर्चको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नुपर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ।

घ) **सरकारी बाँकी सरह असुलउपर गरिने:** विपद् व्यवस्थापन शैक्षिक कार्यक्रमको अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम विद्यालयसँग सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

ङ) **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुने छ।